
कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ जेष्ठ १ गते बिहिबार

वर्ष १ अंक २












# कोभिड – १९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक सम्पन्न

## मिति २०७६/०१/१६ गतेको निर्णय

कालिगण्डकी करिडोर आयोजना, सिंचाई सम्बन्धी आयोजना, गाउँपालिका स्तरीय आयोजना, प्रदेशस्तरीय आयोजनाहरुले निर्माण सम्बन्धी कार्य सूचारु गर्न चाहेमा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिई तपशिलका शर्त पुरा गरेमा अनुमति प्राप्त गर्न सक्नेछ ।

### आयोजनाहरुको निर्माण सम्बन्धी कार्य सुचारु गर्नका लागि अनुमति प्राप्त गर्न पुरा गर्नुपर्ने शर्तहरु

- निर्माण सामाग्रीको ढुवानी बिहान ६ बजेदेखि बेलुका ७ बजेसम्म गर्नु पर्नेछ ।
- काम गर्ने मजदुर तथा जनशक्तिको फोटो सहितको नामावली विवरण तयार गर्नु पर्नेछ ।
- स्थानिय वस्तीलाई असर नपर्ने गरी मजदुर तथा जनशक्तिलाई सामाजिक दुरी कायम गराई निर्माणस्थल वा स्थल नजिक अनिवार्य रुपमा खाने बस्ने व्यवस्था मिलाउन पर्नेछ ।
- कामदारलाई क्षेत्र तोकेर मात्र कामकाज गराउने, तोकीएको स्थान बाहेक अन्यत्र जान निषेध गराउने ।
- संक्रमण रोकथाम गर्न सचेतना एवं स्वास्थ्य सुरक्षा उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ ।
- कुनै लक्षण देखिएमा मापदण्ड अनुसारको क्वारेन्टाईन कक्ष निर्माण गरी राख्ने व्यवस्था मिलाउनुको साथै स्वास्थ्य परिक्षण कार्यको लागि सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ ।
- निर्माण स्थलमा अनिवार्य रुपमा First Aid को व्यवस्था मिलाउनु पर्ने छ ।
- प्रत्येक दिन कामदारहरुको ज्वरो नाप्ने र सो को अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- सवारी साधन Disinfection गरेर मात्र प्रवेश गर्ने व्यवस्था मिलाउने ।
- प्रयोग हुने सवारी साधन र चालक तथा सहयोगीको विवरण समयमै नजिकको प्रहरी कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालयमा पेश गर्ने ।

## मिति २०७६/०१/१८ गतेको निर्णय

उद्योग दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र सहित तपशिलका शर्तहरु पुरा गरी कलकारखाना तथा उद्योगहरु सञ्चालन गर्न सकिने ।

### कलकारखाना तथा उद्योग सञ्चालन गर्न पुरा गर्नुपर्ने शर्तहरु

- मजदुर तथा कामदारको फोटो सहितको नामावली विवरण राख्ने ।
- सामाजिक दुरीको पालना गराउने ।
- सचेतना तथा स्वास्थ्य सुरक्षाका उपकरणहरुको व्यवस्था गर्ने ।
- अनाधिकृत मानिसको प्रवेशलाई रोक लगाउने ।
- स्वास्थ्य समस्या देखिएमा क्वारेन्टाईन कक्ष निर्माण गरी राख्ने । स्वास्थ्य परिक्षणको लागि समन्वय गर्ने ।
- उद्योग कलकारखानामा अनिवार्य रुपमा प्राथमिक उपचारको व्यवस्था गर्ने ।
- कार्यस्थलमा प्रवेश पुर्व ज्वरो नाप्ने तथा सेनिटाईजर बुथको व्यवस्था गर्ने ।
- सुपरिवेक्षक तोकी अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था मिलाउने र निजहरुको सम्पर्क नम्बर र जनशक्ति विवरण प्रहरी ईकाईलाई उपलब्ध गराउने ।
- कच्चा पदार्थ आपुर्तिको लागि सम्बन्धित कम्पनीले आफ्नो सवारी साधन अथवा वितरकको सवारी साधनमा फोटो टाँसिएको परिचयपत्र सहितको सवारी चालक र सहयोगी मात्र रहने व्यवस्था मिलाउने ।
- सवारी साधन Disinfection गरेर मात्र प्रवेश गर्ने व्यवस्था मिलाउने ।
- प्रयोग हुने सवारी साधन र चालक तथा सहयोगीको विवरण समयमै नजिकको प्रहरी कार्यालय मार्फत जिल्ला प्रहरी कार्यालयमा पेश गर्ने ।

## कोभिड – १९ सँग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक सम्पन्न

### मिति २०७७/०१/१८ गतेका निर्णयहरु

- लो-घेकर दामोदर कुण्ड गाउँपालिकामा कोभिड -१९ संक्रमण रोकथाम, नियन्त्रण, जनचेतनामुलक माईकिङ्ग एवं आवश्यक सुरक्षाको लागि सशस्त्र प्रहरी बल नेपाल नं ३३ गुल्म हे.क्वा. मुस्ताङ्गबाट १/९ जनाको नफ्री १० (दश) दिनको लागि खटाउने ।

### मिति २०७७/०१/२१ गतेका निर्णयहरु

- मल, बिउ, विषादी, औजार र उपकरण लगायत खरिद गर्न र ढुवानीको लागि पसल खोल्न र सवारी साधन सञ्चालन गर्न दिने ।
- निर्माण सामाग्री, उद्योगका कच्चा पदार्थ, खाद्य सामाग्री प्याकिङ्ग तथा र्यापिङ सम्बन्धि आवश्यक सामाग्री तथा तयारी वस्तुहरु ओसारपसार गर्न लोड, अनलोड र ढुवानीको समय र स्थान तोकी व्यवसायीलाई सवारी साधन प्रयोग गर्न दिने ।
- उपयूक्तता हेरी निर्माण सामाग्री लगायतका हार्डवेयर सामाग्रीका होलसेल पसल वा वर्कसपहरु खोल्न दिने ।
- उद्योग व्यवसायी, निर्माण व्यवसायी, सम्बन्धित कामदार मजदुर तथा जनशक्तिले फोटो सहितको परिचय पत्र बोकी सवारी साधन प्रयोग गर्ने गरी उद्योग वा निर्माण व्यवसायीलाई सहजिकरण गरिदिने ।
- बैशाख १३ देखि १५ गतेसम्म जिल्ला भित्रिएका स्थानियहरुको नियमित स्वास्थ्य जाँच गराई त्यसको प्रतिवेदन दिन सम्बन्धित स्थानिय तहलाई अनुरोध गर्ने र स्वास्थ्य परिक्षण र संक्रमण अवस्था सम्बन्धमा जिल्लास्तरिय CCMC बाट नियमित अनुगमनको व्यवस्था गर्ने ।




**माईकिङ गर्दै सुरक्षाकर्मी ।**

मिति २०७७/०१/१७ गतेको जिल्ला सुरक्षा समिति मुस्ताङको निर्णयानुसार मिति २०७७/०१/१८ गते सशस्त्र प्रहरी बल, नेपालको टोली उपल्लो मुस्ताङको लो-घेकर दामोदरकुण्ड गाउँपालिकामा आवश्यक बन्दोबस्ति तथा स्वास्थ्य सामाग्री सहित खटिई गई नेपाल प्रहरीसँग संयुक्त रुपमा पैदल गस्ती तथा मोवाईल गस्ती, जनचेतनामुलक कार्यक्रम संचालन, स्वास्थ्य परिक्षण, आवश्यक सुरक्षा लगायतका कार्य सम्पन्न गरी मिति २०७७/०१/२५ गते कार्यालय फिर्ता भएका थिए । यस अवधिमा होम क्वारेन्टाईनमा रहेका स्थानियवासीहरुको समेत अनुगमन तथा स्वास्थ्य परिक्षण गरिएको थियो ।



**लो-घेकर दामोदर कुण्ड गाउँपालिकाको चराङमा गस्ती गर्दै सुरक्षाकर्मी ।**



**लो-घेकर दामोदर कुण्ड गाउँपालिका चराङ्गमा होम क्वारेन्टाईनमा बसेका स्थानियको स्वास्थ्य चेकजाँच गर्दै स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको टोली ।**

## उपल्लो मुस्ताङमा CCMC द्धारा निरीक्षण अनुगमन

मिति २०७७/०१/२३ र २४ मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, स्वास्थ्य कार्यालय मुस्ताङका प्रमुख, जिल्ला अस्पताल जोमसोमबाट चिकित्सक लगायतका CCMC का पदाधिकारीहरुले बार्हगुङ गाउँपालिका, लो-घेकर दामोदरकुण्ड गाउँपालिका र लोमान्थाङ गाउँपालिकाको क्वारेन्टाईन कक्ष तथा स्वास्थ्य कार्यालयहरुको अनुगमन निरीक्षण, होम क्वारेन्टाईनमा रहेका स्थानियवासीहरुको अनुगमन तथा स्वास्थ्य परिक्षण गर्नुका साथै स्थानिय वासी तथा स्थानिय प्रतिनिधीहरुसँग अन्तरक्रिया तथा छलफल समेत गर्नुभएको थियो । उक्त निरीक्षण अनुगमनका क्रममा उक्त क्षेत्रका जनताहरुको स्वास्थ्य अवस्था सामान्य रहेको र स्थानियवासीहरु स्वंय कोरोना संक्रमण सम्बन्धमा सचेत रहेको पाईएको छ ।



लोमान्थाङ्ग गाउँपालिकाका स्थानियवासीहरुको स्वास्थ्य चेकजाँच गर्दै स्वास्थ्यकर्मीको टोली ।



लो-घेकर दामोदरकुण्ड गाउँपालिका चराङ स्थित क्वारेन्टाईन कक्षको अनुगमन गर्दै CCMC का पदाधिकारीहरु ।



लो-घेकर दामोदर कुण्ड गाउँपालिका चराङ्ग स्थित स्वास्थ्य चौकीलाई स्वास्थ्य सामाग्री उपलब्ध गराउँदै स्वास्थ्य कार्यालय मुस्ताङ्गका प्रमुख तथा जिल्ला अस्पताल मुस्ताङका चिकित्सकहरु ।



मिति २०७७/०१/१८ गते सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रतिनिधीहरु सहितको टोलीले थासाङ्ग गाउँपालिकास्थित क्वारेन्टाईन तथा आईशोलेशन स्थलको अनुगमन तथा निरीक्षण गरेको छ । साथै थासाङ गाउँपालिकामा होम क्वारेन्टाईनमा रहेका स्थानिय वासीहरुको समेत अनुगमन गर्नुका साथै स्वास्थय अवस्था सम्बन्धि जानकारी लिईएको थियो ।



लो-घेकर दामोदर कुण्ड गाउँपालिकाको विभिन्न स्थानहरुमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मीद्धारा स्थानियहरुको स्वास्थ्य चेकजाँच गरिएकोमा जिल्ला समन्वय प्रमुख र स्थानिय प्रतिनिधीहरुद्धारा उक्त कार्यको निरीक्षण तथा अनुगमन गरिएको थियो ।



थासाङ गाउँपालिकाको लेतेमा जिल्ला छाड्ने व्यक्ति एवं सवारी साधनहरुको विस्तृत अभिलेख राख्दै सुरक्षाकर्मी ।।



घरपझङ गाउँपालिकाको कागवेनी स्थित गुम्बामा स्थापना गरिएको क्वारेन्टाईन कक्षको अनुगमन गर्दै CCMC का पदाधिकारीहरु ।

## शंकास्पद बिरामीको आर.डि.टि. टेष्ट सबैको रिर्पोट नन् रिएक्टिभ

मुस्ताङ्ग जिल्लामा हालसम्म ७० (सत्तरी) जनाको RDT गरिएको छ भने १ (एक) जनाको स्वाव परिक्षण गरिएको छ । यस जिल्लाको सम्पुर्ण RDT जिल्ला अस्पतालका चिकित्सकद्धारा गरिएको हो र स्वाव परिक्षणका लागि मिति २०७७/०१/१७ गते स्वाव जम्मा गरी प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पोखरामा पठाईएको थियो । हालसम्म गरिएको सम्पुर्ण RDT तथा स्वाव टेष्टको नतिजा Non-Reactive आएको छ ।



RDT Test गर्न तयारी अवस्थामा जिल्ला अस्पतालका चिकित्सकहरु

## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिव भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |

## जिल्लामा स्थापना गरिएको Quarantine तथा Isolation कक्षहरुको विवरण

| गाउँपालिका | क्वारेन्टिन | आईसोलेसन |
|---|---|---|
| थासाङ्ग | २४ | ६ |
| घरपझोङ्ग | ४१ | ४ |
| बारागुङ्ग मुक्तिक्षेत्र | १० | - |
| लो-घेकर दामोदर कुण्ड | १० | - |
| लोमान्थाङ्ग | ५ | - |
| बज्रदल गण | १० | २ |
| सैनिक उच्च शिखर शिक्षालय | १० | १३ |
| जम्मा | ११० | २५ |

## मुस्ताङ्ग जिल्लाको हालसम्मको कोभिड १९ सम्बन्धि स्वास्थ्य विवरण

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | RDT संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|
| १२ | १२ | १ | १ | ७० | १ |

- हाल क्वारेन्टाईन तथा आईसोलेसनमा व्यक्तिहरु रहेका छैनन् । क्वारेन्टाईन तथा आईसोलेसनमा रहेकाहरुलाई खानपिनको व्यवस्था गाउँपालिकाले गर्ने गरेको तथा सुरक्षाकर्मीहरुद्धारा क्वारेन्टाईन स्थल तथा आईसोलेसन स्थलको सुरक्षा गर्ने गरिएको ।
- हालसम्म गरिएका RDT को नतिजा Non-Reactive तथा स्वाव टेस्टको नतिजा Negative आएको छ ।

## जिल्लामा रहेका हेल्थडेस्क

- घाँसा
- जोमसोम स्थित समाजघर
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग



मिति २०७६/१२/१६ गते जिल्ला मुस्ताङ्ग, थासाङ्ग गाउँपालिका- १, घासाँ हुँदै मुस्ताङ जिल्ला प्रवेश गरेका घरपझोङ गाउँपालिकाका स्थानियहरुको घरपझोङ गाउँपालिका समाजघर स्थित हेल्थडेस्कमा स्वास्थ्य चेकजाँच गरिएको ।

मिति २०७७/०१/३१ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट ११,१९० जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



लो-घेकर दामोदरकुण्ड गाउँपालिका, घिलिङ्गमा स्थानियको स्वास्थ्य चेकजाँच गर्दै जिल्ला अस्पताल मुस्ताङका चिकित्सक ।

मिति २०७७/०१/२३ र २४ गते जिल्ला अस्पताल मुस्ताङबाट चिकित्सक लगायत स्वास्थ्यकर्मीको टोलीद्धारा लोमान्थाङ गाउँपालिकाका स्थानियहरुको स्वास्थ्य चेकजाँच गरिएको छ । स्वास्थ्य परिक्षणको नतिजा सामान्य रहेको छ ।



### जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| सोजन वि.क. | ९८६७९४९८१० | प्राथमिक स्वास्थ्य केन्द्र लेते |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |



कोरोना संक्रमण नियन्त्रणका लागि जिल्ला अस्पताल मुस्ताङ्गमा फिभर क्लिनिकको स्थापना गरिएको छ । उक्त फिभर क्लिनिकबाट हालसम्म ८८ पुरुष र ८७ महिला गरी जम्मा १७५ जनाको फिभर चेक गरिएको छ ।



प्रभु बैंक जोमसोम शाखाद्धारा मिति २०७७/०१/२१ गते जिल्ला अस्पताल मुस्ताङलाई आईसोलेसन कक्षमा प्रयोग गर्ने गरी ७ थान सिरानी र ७ थान ब्ल्यान्केट सहयोग प्राप्त भएको छ ।

## मुस्ताङ जिल्लामा मौज्दात रहेका कोभिड - १९ सँग सम्बन्धित स्वास्थ्य सामाग्रीहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय | स्थानिय तह | स्वास्थ्य कार्यालय | जिल्ला अस्पताल | रेडक्रस | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | थर्मल गन | ४ | १३ | - | १ | - | १८ |
| २ | PPE set | ३१ | ५१ | ५ | ८१ | ५ | १७३ |
| ३ | N-95 Mask | १२ | - | ७ | १० | - | २९ |
| ४ | RDT किट | - | - | ४० | १० | - | ५० |
| ५ | सर्जिकल मास्क | १६०० | १०३० | २०० | १०० | १०० | ३०३० |
| ६ | Viral Transport media | - | - | २ | - | - | २ |
| ७ | Face Shield | - | - | - | - | - | - |
| ८ | Gloves | २१०० | ११०० | ३०० | १८५० | - | ५३५० |




जिल्ला मुस्ताङ, थासाङ्ग गाउँपालिकाद्धारा मिति २०७७/०१/२४ गते वडा कार्यालयहरुलाई दिर्घरोगको लागि नि:शुल्क औषधि सामाग्री वितरण गरिएको थियो । उक्त ओषधिहरु सम्बन्धित वडा कार्यालयहरुले मिति २०७७/०१/२५ गते प्रत्येकलाई करिब एक महिनाको लागि पुग्ने गरी स्थानिय १६६ जनालाई वितरण गरेका छन् ।

## मुस्ताङ जिल्लामा राहत वितरण गरिएको विवरण

| विवरण | जम्मा परिवार संख्या | जम्मा व्यक्ति |
|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | २३ | ९४ |
| घरपझोङ गा.पा. | १३७ | ४०० |
| बारागुङ मुक्तिक्षेत्र गा.पा. | १८८ | ५४० |
| लोमान्थाङ गा.पा. | १५२ | ४५७ |
| लो-घेकर दामोदर कुण्ड गा.पा. | ४४ | ८७ |
| थासाङ गा.पा. | २३५ | ७२५ |
| जम्मा | ७७९ | २३०३ |

मिति २०७७/०१/२६ गते बसेको जिल्लास्तरीय राहत संकलन तथा व्यवस्थापन समितिको बैठकद्धारा राहत रकम तथा समाग्री उपलब्ध गराउने दाताहरुबाट संकलित भएको जम्मा रकमबाट सबै गाउँपालिकाहरुले मिति २०७७/०१/१० गते बनाईएको राहत वितरण मापदण्ड बमोजिम राहत पाउनु पर्ने देखिएका व्यक्तिहरुलाई पहिचान गरी निजहरुलाई आगामी जेष्ठ ५ गते भित्र राहत सामाग्री उपलब्ध गराउने गरी देहायको रकम सम्पूर्ण गाउँपालिकाहरुलाई वितरण गर्ने निर्णय गरियो ।

| सि.नं. | गाउँपालिकाको नाम | राहत रकम | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|
| १ | थासाङ गाउँपालिका भित्र बसोबास गर्ने बासिन्दाहरुबाट | रु ३,७५,०००/- (२,४२,२००/- राहत सामाग्री समेत) | तीन लाख पचहत्तर हजार | नगर रु १,३२,८००/- |
| २ | घरपझोङ गाउँपालिका भित्र बसोबास गर्ने बासिन्दाहरुबाट | रु २,५०,०००/- | दुई लाख पचास हजार | |
| ३ | बारागुङ गाउँपालिका भित्र बसोबास गर्ने बासिन्दाहरुबाट | रु २,२५,०००/- | दुई लाख पच्चीस हजार | |
| ४ | लो-घेकर दामोदरकुण्ड गाउँपालिका भित्र बसोबास गर्ने बासिन्दाहरुबाट | रु २,७५,०००/- | दुई लाख पचहत्तर हजार | |
| ५ | लोमान्थाङ् गाउँपालिका भित्र बसोबास गर्ने बासिन्दाहरुबाट | रु २,७५,०००/- | दुई लाख पचहत्तर हजार | |
| ६ | गाउँपालिकाहरुलाई वितरण गरिएको कूल जम्मा रकम | रु १४,००,०००/- | चौध लाख | |

# अन्य गतिविधिहरु



घाँसा नाकाबाट मुस्ताङ प्रवेश गर्ने अत्यावश्यक सवारी साधनको कीटाणुशोधन (Disinfection)गर्दै सुरक्षाकर्मी



लोमान्थाङ गाउँपालिकामा कोरोना भाइरस सम्बन्धमा जनचेतना मुलक सन्देश प्रवाह गर्दै सुरक्षाकर्मी।



लोमान्थाङ गाउँपालिकाको छोसेरमा स्थानियहरुको स्वास्थ्य चेकजाँच गर्दै जिल्ला अस्पतालका स्वास्थ्यकर्मी।



घरबाहिर निस्किएका स्थानियलाई सचेत गराउँदै सुरक्षाकर्मी।

## प्रकाशक


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ

COVID-19 Crisis Management Centre (CCMC) Mustang

Email : daomustang@gmail.com